# Mahalaxmi Garments Industries

(READYMADE GARMENTS MANUFACTURING & EXPORTERS)

**ADDRESS:**
Narsingh Kunj
Naxal Devi Marg
Gyaneshwor
Post box: 4206
Kathmandu, Nepal
Email: mahalaxmigarmentindustries@gmail.com

**FACTORY:**
Tahachal
Opp. Hotel Soltee
Post box: 4206
Kathmandu, Nepal

अत्यन्त जरुरी

च.नं. ५७/७९/८०

मिति :- २०७९/०३/२४

**'हेलो सरकार', नेपाल सरकार**
**सम्माननीय प्रधानमन्त्रीज्यू ,**
**श्री शेर बहादुर देउवा ज्यू,**
**प्रधानमन्त्री एवम् मन्त्री परिषद् कार्यालय,**
**सिहंदरबार, काठमाडौं, नेपाल ।**

**विषय : रा. बा. बैंकमा चल्ती कर्जा कारोबारको लागि उद्योगले धितो दिएको सम्पत्तिहरु मध्ये कि.नं. २६६, २६७ र २६८ को घर–जग्गा सम्पत्ति बैंकले पुर्नमूल्याङ्कन समेत नगरी खरीदकर्तासँग सेटिङ्गमा बोलपत्र आह्वान गरेको र बोलपत्रको रकम समेत जम्मा नलिई स्वामित्व हस्तान्तरण गरेको गैरकानूनी कार्यको छानबिन सम्बन्धमा**

**सम्माननीय प्रधानमन्त्रीज्यू,**

उपरोक्त सम्बन्धमा स्वीकृत सिमा 'लिमिट' भित्र व्यवस्थित रुपमा नाफामा चलिरहेको निर्यातजन्य एवम् धेरै रोजगार प्रदान गर्ने महालक्ष्मी गार्मेन्ट उद्योगको कारोबार बैंकले अचानक बिनाकारण आ.व. २०५७/५८ मा बन्द गरे लगत्तै उद्योगको साबिक बमोजिम कारोबार सुचारु गरिदिनु भनी उद्योगीले रा. बा. बैंकसित पटक–पटक आग्रह र अनुरोध गर्दै आएको थिए ।

**सम्माननीय प्रधानमन्त्रीज्यू,** रा.बा. बैंक विशाल बजार काठमाडौं शाखाको मिति २०५८/०४/१७ को बोर्ड बैठक नं. १४ ले निर्णय गरी रा.बा. बैंक केन्द्रिय कार्यालयलाई लेखेको मिति २०५८/०५/२९ को पत्र संख्या एल.सी. ३७/१५९ को पत्रमा उद्योगको स्विकृत सिमा 'लिमिट' भित्र कारोबार गराउन अति आवश्यक र जरुरी भएको छ भनी लेखिएको आग्रहलाई समेत रा.बा.बैंक केन्द्रिय कार्यालयले बेवास्ता गरेको जानकारी गराउन चाहन्छु ।

DD787032388NP
**GPOKathmandu (44600)**
**Same Day Delivery (DD787032388NP)**
**From:**MGI nepal PO box 4206
Kathmandu, nepal
**To:**hello sarkar karalaya
Kathmandu, k
**Weight:** 106.00 Grams **Cash: Rs.**260.00
**Date:**7/11/2022 Time: 10:17 AM
**OP:**sabreenagates